# बुटवल उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
बुटवल, रूपन्देही
लुम्बिनी प्रदेश, नेपाल

फोन : ०७१-५४०११२, ५४००३५
फ्याक्स : ०७१-५४१२८३
E-mail: butwalmun_btw@wlink.com.np


प.सं. ०७७/०७८
च.नं.

मितिः २०७८/०२/२६

## प्रेस विज्ञप्ति

कोभिड-१९ महामारी विरुद्धको अभियान अन्तर्गत बुटवल उपमहानगरपालिकाबाट सञ्चालित जनस्वास्थ्यसँग सम्बन्धित कार्यक्रमलाई थप व्यवस्थित र प्रभावकारी बनाउने पहल गरिएको छ । अहिले जेष्ठ नागरिक लक्षित खोप कार्यक्रम चलिरहेको छ । खोप कार्यक्रमलाई लक्षित समूह केन्द्रित बनाउने र व्यवस्थित ढंगले सञ्चालन गर्नका लागि हाम्रो विशेष प्रयास जारी छ । उपमहानगरका सबै नागरिकलाई महामारीबाट जोगाउने र दैनिकी सहज बनाउने तर्फ हामी योजनावद्ध रुपमा अगाडि बढिरहेका छौं । मिति २०७८/०२/२५ मा सञ्चालित covid-19 खोप कार्यक्रम अन्तर्गत बुटवलका कतिपय केन्द्रहरुमा चाप बढी भएको, भिडभाड व्यवस्थित गर्न नसकिएको, लक्षित समूहकै कतिपय नागरिक खोप लगाउनबाट छुट्न गएका केही गुनासा आएका छन् । यस्ता गुनासाहरुलाई छानविन गरी समाधान गर्न र अबको कार्यक्रमलाई अझ व्यवस्थित गर्न तीन सदस्यीय समिति गठन गरिएको छ । उक्त समितिले खोप कार्यक्रममा भएका कमी कमजोरी र सुधारको उपाय सहितको विस्तृत प्रतिवेदन दुई (२) दिनभित्र पेश गर्नेछ । सो प्रतिवेदन बमोजिम सुधारात्मक कार्यहरू हुने व्यहोरा समेत सबैको जानकारीका लागि अनुरोध छ ।

२०७८/०२/२६

मित्रमणि खनाल
सूचना अधिकारी

Scanned with CamScanner